सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १०८ ○श्रेणी 'क' ○२७७२ माघ ५ गते मंगलबार ○ 19 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुबुर्की रोग निवारण हुद्द ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१७२२१६

विन्ध्यवासिनी मन्दिर परिसरमा सुविधायुक्त ज्येष्ठ नागरिक मिलन केन्द्र

ज्येष्ठ नागरिकप्रति सरकार गम्भीर-मुख्य सचिव

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

पोखरा उपमहानगरपालिका वडा नं. २ मा रहेको प्रसिद्ध धार्मिक स्थल विन्ध्यवासिनी मन्दिर परिसरमा स्थापित 'ज्येष्ठ नागरिक मिलन केन्द्र' सोमवार उद्घाटन गरिएको छ । वृद्धवृद्धाका लागि विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले निःशुल्क दिवा सेवा प्रदान गर्ने उद्देश्यका साथ मिलन केन्द्र स्थापना गरेको हो । उक्त केन्द्रमा ७० वर्ष पुगेका वृद्धवृद्धाले प्रवेश पाउनेछन् । समितिका सचिव तीर्थ श्रेष्ठले दिएको जानकारी अनुसार मिलन केन्द्र ३० जना वृद्धवृद्धा अटने क्षमताको छ । केन्द्रमा खाजाको व्यवस्था सहित श्रव्यदृश्य सामाग्री, मनोरञ्जनका साधन, भजन, प्रवचन लगायतको सुविधा रहेको छ । केन्द्रमा दैनिक आउने वृद्धवृद्धाका लागि महिनामा तीन पटकसम्म निःशुल्क स्वास्थ्य परीक्षणको पनि व्यवस्था गरिने समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठले जानकारी दिए । अध्यक्ष श्रेष्ठका अनुसार पांच कोठे भवनमा एउटा कोठामा टिभि सहित मनोरञ्जन हल, दुई बटा कोठामा महिला र पुरुषका लागि छुट्टा-छुट्टै विश्राम गर्ने व्यवस्था गरिएको छ भने निःशुल्क खाजा उपलब्ध

गराईनेछ । केन्द्रमा ज्येष्ठ नागरिकको हेरचाहका लागि दुई जना कर्मचारी पनि खटिनेछन् । केन्द्र सञ्चालनका लागि मासिक एक लाख ५० हजार रुपैयां खर्च लाग्ने अनुमान गरिएको छ ।

सो खर्च सरकारी अनुदान, मन्दिरमा आउने भक्तजन र विभिन्न संघसंस्थाको साथै व्यवयायीबाट सहयोगको रुपमा प्राप्त हुने समितिको अनुमान छ । केन्द्रमा सेवा लिन अहिलेसम्म २० जना सम्पर्कमा आएको समितिले जनाएको छ । समितिमा निवेदन दिएको आधारमा छनौट गरिने सचिव श्रेष्ठले बताए । समितिको सवारी नभएकाले आफै हिडेर आउन सक्ने वा परिवारजनले ल्याउने लाने गर्ने वृद्धवृद्धालाई पर्याप्तिका दिईने बताइएको छ ।

वृद्धवृद्धालाई कहिलेकाहीं पोखरा आसपासको क्षेत्रको भ्रमणमा समेत लगिने समितिले जनाएको छ । माग भएमा केन्द्रलाई विस्तार गर्न पनि सकिने समितिको लक्ष्य छ । ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्ने उद्देश्यले केन्द्र सञ्चालन गर्न लागिएको समितिका अध्यक्ष श्रेष्ठले बताए । विन्ध्यवासिनीको भोगचलनमा रहेका साविकको खानेपानी कार्यालय रहेको भवनलाई तीन लाख ३४ हजार मुआब्जा दिएर समितिले केन्द्र सञ्चालनका लागि भवनको स्तरोन्नति गरेको हो । केन्द्रको उद्घाटन गर्दै नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले ज्येष्ठ नागरिकको सम्मान र सेवा सुविधाका लागि सरकार गम्भीर रहेको स्पष्ट पारे । उनले राज्यले पनि यस्ता केन्द्रको आवश्यकता महसूस गरेको भन्दै यस्ता केन्द्र बनाउनका लागि नीति र कार्यविधि बनाएको छ । हामीसंग चाहना धेरै हुने तर राज्यले केहि गर्न नसकेको अवस्थामा निजि क्षेत्रसंग हातमालो गर्न राज्य तयार रहेको उनले बताए ।

अर्को प्रश्नमा उनले संघियताको गलत व्यवस्थापनको कारण विद्यमान समस्या आएको बताएका छन् । संघीयता निर्माण गर्दा विचार नपुऱ्याएकाले पनि यस्तो अवस्था आएको उनले स्पष्ट पारे । मुख्य सचिव सुवेदीले विगत दुई दशकदेखि मुलुकले एकपछि अर्को पीडा भोग्दै आएको भन्दै संघीयता घोषणाको नामबा दिर्घकालिन सुधार गर्न नसकिने, भैरहेका सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउन नसकिने अवस्थामा मुलुक पुगेको बताए । 'अझैपनि प्रदेश बनाउने, त्यसका पूर्वाधार बनाउने काममा भैरहेको सेवालाई व्यवस्थापन गर्नुपर्ने चुनौति छ', उनले भने-'सोहि चुनौतिलाई ध्यान दिंदै दुई वर्ष प्रशासन सुधार कार्यक्रम ल्याएका छौं ।'

कोइरालाद्वारा पुनः सभापतिमा लड्ने आधार प्रस्तुत

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ४ माघ ।

नेपाली कांग्रेसको आसन्न महाधिवेशको सरगर्मीले अन्ततः पार्टीका सभापति सुशिल कोइरालालाई पनि छोएकी छ । सभापतिमा दोश्रो-त्यार उम्मेदवारी दिने कि नदिने भन्ने विषयमा कांग्रेस मीन बसेका सभापति कोइरालाले सोमवार भक्तपुरमा आयोजित कार्यक्रममा मुख खोले । उपसभापति रामचन्द्र पौडेल र वरिष्ठ नेता शेरबहादुर देउवाले खुलेर उम्मेदवारी घोषणा गरिरहेका वेला सुशीलले आफू पुनःउम्मेदवार बन्ने सकेत गर्दै त्यसका तीन आधार प्रस्तुत गरे । 'मेरो नेतृत्वमा यसो संविधान आयो त्यो उपलब्धि होइन ?' कांग्रेस नेता लेखनाथ न्यौपानेको संस्मरण पुस्तक 'कांग्रेस र म' सार्वजनिक गर्दै कोइरालाले भने,-'यसले पार्टीको उचाई बढाएको छ ।'

आफ्नो निरन्तरको अडानले संविधान आएको भन्दै कोइरालाले आफ्नो स्वास्थ्यलाई लिएर हल्ला चलाइएको पनि बताए । उनले कांग्रेसले संसदा पेश गरेको संविधान संशोधन विधेयकमा सहमति बन्न लागेकोतर्फ लक्षित गर्दै यसलाई आफ्नो पहिलो आधारका रुपमा प्रस्तुत गरे । 'म बुढो भयो भनेर भनेकौ सुनेको छु, के बुढोले काम गर्न सक्दैन ?' भन्दै उनले भने, 'बुढो हुँदैमा पार्टी र देशको लागि काम गर्न सक्दैन भन्नु गलत हो ।' तेस्रो आधारका रुपमा उनले आफ्नो स्वास्थ्यलाई पेश गरे । 'म पूर्ण रुपले स्वस्थ छु,' उनले भने, 'मेरो बारेमा धेरै हल्ला चलाइयो । कतिले त सुशिल अब गयो पनि भने ।' उनले दोहोऱ्याउँदै प्रष्टीकरण दिंदा उपस्थित माझ हाँसी समेत चलेको थियो । उनले थपे,-'हो मलाई क्यान्सर भएको थियो । तर, म ठीक भएको छु । अब मलाई समस्या छैन ।'

मोचार्सगको वार्तालाप लागि कार्यक्रमबाट चाँडै विदा हुने भनिए पनि उनले बोल्दा बोल्दै झण्डै एक घण्टा समय लिएका थिए । आफ्नाबारे प्रष्ट पार्न उनले रमाइलो ढंगले तर्क राखेका थिए । 'तपाईंहरु मेरो बोलि सुनिरहनुभएको छ । मेरो तोते बोली छ । के म केटाकेटी भएर तोते बोलेको हो ?' मुस्कुराउँदै उनले भने- 'जिब्रोको उपचार गर्दा यस्तो बोली भएको हो । छाति्मा क्यान्सर पनि छ । तर, दुवै निको भएको छ । अब मलाई केही हुन्न ।' उनले रोगबाट पैरणा लिएर देश र जनताको लागि काम गर्ने प्रणसमेत गरे । 'मेरो रोगको बारेमा चिन्ता नगर्नुस । फेरि रोग लागे औषधिमूलो गरौला । तर म भन्दा देश सिकिस्त छ । हामीले देशको चिन्ता गर्नुपर्छ,' कोइरालाले भने ।

कांग्रेसकै युवा नेताहरुले पुराना पुस्ताले नेतृत्व छाड्नुपर्ने भनेकोमा पनि फरक मत राखे । 'बुढो हुँदैमा असक्षम हुने होइन । भन्न ओल्ड इज गोल्ड भन्छन् नी,' कोइरालाले त्यसोभन्दा कार्यक्रममा हाँसोको फोहोरा छुट्टको थियो । यद्यपि उनले प्रत्यक्ष रुपमा महाधिवेशन र उम्मेदवारीको कुरा भने गरेनन् ।

विश्वयुद्धमा ज्यान गुमाएका नेपालीहरुको स्मृतिमा स्मारक

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

गोरखा भूतपूर्व सैनिक संघ (गेसो) को सकियतामा स्याङ्जा जिल्लाको फैदीखोला गाविस वडा नं ८ साल्मी डांडामा, विश्वयुद्धमा ज्यान गुमाएका ६० हजार नेपालीको स्मृतिमा गोरखा स्मारक बन्ने भएको छ । विश्व शान्तिका लागि नेपालीले विभिन्न युद्धमा सहादत प्राप्त गरेपनि उनीहरूको योगदानको कदर हुन नसकेको भन्दै गेसोले योगदानलाई जीवन्त राख्ने महत्वपूर्ण स्थलका रुपमा स्मारक निर्माण गर्न लागेको हो ।

पर्यटकीयरुपले अत्यन्त दर्शनीय साल्मीडांडामा करिब ४०० रोपनी क्षेत्रफल जग्गालाई समेटेर स्मारकसहित जातीय सङ्ग्रालय, सुविधायुक्त रिसोर्ट, हरित बगैंचा आदि निर्माणको योजना अघि सारिएको गेसोका अध्यक्ष पदमबहादुर गुरुङले बताए ।

'विश्वमा शान्तिका लागि ६० हजार गोरखा सैनिकले ज्यान गुमाएका छन'-उनले भने- 'जोस जगिर भएका १४ देखि ४० वर्षसम्मका युवालाई विश्वयुद्धमा होमिए पनि नेपालले केही पाउन सकेन, तिनै नेपालीको स्वाभिमान र अस्तित्वको खोजीका लागि स्मारकलाई एउटा महत्वपूर्ण स्थलका रुपमा विकास गर्ने सोचमा छौं ।'

युद्धमा ज्यान गुमाएका नेपालीका सम्बन्धमा उनीहरुले कहाँ

कसरी र किन ज्यान गुमाउनुपरेको ब्रिटिस सरकारले जानकारी नदिएको र उनीहरूको आफ्नो धार्मिक संस्कारअनुसार कार्जाकिरियासमेत हुन नसकेको बताउदै उनले विदेशी भूमिमा तड्पिएको आत्मालाई मुक्ति दिन गेसोले साल्मी डांडामै २०६९ मंड्सिर ५ गतेदेखि तीन दिन ९९ जातजातिका धर्मगुरु र कन्या राखेर आफ्नो संस्कारअनुरुप सामूहिक कार्जाकिरियासमेत गराइसकेको बताए । विभिन्न अध्ययन तथा अनुसन्धानका क्रममा नेपालका विभिन्न १९ जातजातिका युवाले विश्वयुद्धमा ज्यान गुमाएका थिए ।

गोरखा स्मारक निर्माणसंगै विश्वयुद्धमा ज्यान गुमाएका १९ वटै जातजातिको सास्कृतिक सङ्ग्रालय बनाउने लक्ष्य राखिएको गेसोका गण्डकी-धवलागिरि समितिका अध्यक्ष हर्कबहादुर पुनले बताए ।

सङ्ग्रालयमा १९ वटै जातजातिका संस्कृतिलाई राखिनेछ'-उनले भने- 'प्राकृतिक दृश्यावलोकनका लागि अत्यन्त उपयोगी स्थलका रुपमा रहेको यस स्थलमा निर्माण गरिने हरित बगैंचा, सुविधासम्पन्न रिसोर्ट आदिले यहाँको पर्यटन विकासमा पनि महत्वपूर्ण योगदान दिनेछन् ।' साल्मी डांडाबाट पर्यटकलाई लोभ्याउने माछापुच्छे, धवलागिरि, अन्नपूर्ण हिमशृङ्खलाई एकसाथ हेर्न सकिन्छ भने यहाँबाट काश्की, स्याङ्जा, पर्वतलगायतका जिल्लाका सार्वै पृथ्वीकोट, उल्लरी गार्उ, टोकै, आरुबर्क, फैदीखोला, नुवाकोट, आले देउराली, बारपारे, महीखान लगायतका दर्शनीयस्थल एकसाथ

बाँकी अन्तिम पृष्ठमा.....

दुर्घटनामा १ को मृत्यु

तनहूँ ४ माघ ।

तनहूँको राम्जाकोटबाट मिमादतर्फ आउँदै गरेको ना १ ख ४९७० नम्बरको बस राम्जाकोट-२ रुपटारमा दुर्घटना हुंदा बसमा सवार शुक्रा गण्डकी १३ की ४५ वर्षीया दिलकुमारी विकको मृत्यु भएको छ । बसमा सवार अन्य २८ जना घाइते भएका छन् । अनियन्त्रित भएको बस सडकबाट करिब २ सय मिटर तल खस्दा विकको घटनास्थलमा नै मृत्यु भएको हो । ८ गम्भीर घाइतेको चरक अस्पताल र २० जनाको भिमाद स्थित नारायण मेडिकलमा उपचार भइरहेको प्रहरीले जनाएको छ । बसका चालक र बस प्रहरी नियन्त्रणमा छन् ।

तुरून्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
२.	कुक	१ जना

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?
रोजगारीका लागि विदेश जाई रात लगानीमै व्यवसाय गरेर आफ्नाली गर्न चाहानुहुन्छ भने तपाईंको रोजाई बन्न सक्छ ।

★ सिर्जना मिनी मार्केट ★

पोखराको नुहु रिजेन्सीको पिछा मेट्रोपिटन हस्पिटल अगाडी पर्सिक सुविधा सम्पन्न मनमोहक रहित ४७९ वटा स्टलहरु रहेको सुन्दर मिनी मार्केटमा सकभरी स्टल बुकिङ गराईसक्नुहोस् ।
लामो समयदेखि मार्केट सञ्चालन गर्दै आएका अनुभवी व्यक्तिहरुद्वारा सञ्चालित रिजेन्सी मिनी मार्केट जसि नै उपयुक्त रहेको छ ।

यहां मांडा, खाद्यान्न, फलफुल, तरकारी, लत्ताकपडा व्यवसाय गर्न सकिन्छ ।
बुकिङका लागि सम्पर्क : रजिस्ट्रेसन बुकिङ अफिस, रजिस्ट्रेसन एक अफिस, रजिस्ट्रेसन, लक्ष्य मार्केट बुकिङ

STUDY, WORK & LIVE IN MALTA
Apply without IELTS | +2 students | SLC students can also apply
- Schengen Visa / EU Member,
- Work while studying,
- Affordable Tuition fee,
- High Visa Success Rate,
- Easy Documentation,
- Refusal from USA/UK/Ireland/Australia/New Zealand are welcome
Min Req.: SLC, +2 or equi.
Hurry Up ! Last Calling & Limited Seats for Nepalese Students
ROYAL International Education Pvt. Ltd.
www.royalien.com
Chipledhunga 2nd Floor, Batas Malla Complex, 061-551041
Ranipauwa H#50, Infront of NTC, 061-533386
Email: info@royalien.com | Web www.royalien.com

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
- तपाईंले खोजेका कुनैपनि मुगलरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईंले भनेको समयमा आकर्षक एवम् मुगलरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलरीय फिटिङ मेडिल प्रयोग गरिने,
- महीला मासा, बहुमाव र विद्यार्थीको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाको धर्मे बबिन टेलरिङ्गमा सिलाई गिन्नुहोस्...
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
DIGAM ASHIRVAD OCM Bubli

कर्मचारी आवेदन फर्म भर्ने सूचना !

कृषि विकास बैंक लिमिटेडमा माग गरिएको २९८ जना सहायक कर्मचारीका लागि फर्म भर्ने तथा फर्म बुझाउनका लागि यस केन्द्रमा शीघ्र सम्पर्क गर्नुहोला ।
नोट : तयारी कक्षा, Syallabus, फर्मको समेत व्यवस्था छ ।
Contact:
MATCOSC
टीका भवनको तेस्रो तला, महेन्द्रपूल, पोखरा (सीता भवनको ठीक अगाडि)
Ph:061-540297, 9846119575, 9849292120

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।
शुभमा आउनेलाई विशेष छुट
सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (एर्पोमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकलगै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७७६१९

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मलुंका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेंही केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उद्यम साहस हुन्छ।
- लर्ड नेपियर

सम्पादकीय ...

भूकम्पपीडितमा पलाएको आशा

गत वैशाखमा आएको विनाशकारी महाभूकम्पको नौ महिनापछि सरकारले पुनर्निर्माण महाअभियान प्रारम्भ गरेको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले भूकम्पले क्षतिग्रस्त रानीपोखरीको पुनर्निर्माणको उद्घाटन गर्दै महाअभियानको शुरुवात गरेकी छन्। प्रधानमन्त्री, प्रमुख प्रतिपक्ष दलका नेता, प्रमुख दलका शीर्ष नेताहरुले एउटै मञ्चबाट महाअभियानप्रति प्रतिबद्धता देखाएकोले भूकम्प प्रभावित क्षेत्रका जनतामा थोरै भए पनि आशा जागृत भएको छ। भूकम्प प्रभावित जनतालाई राहत प्रदान गर्ने सवालमा पूर्ववर्ती कोइराला नेतृत्वको सरकार र वर्तमान सरकारले प्रभावकारी ढंगले काम गर्न नसकेको सन्दर्भमा पुनर्निर्माण महाअभियान पनि भाषणमा जति सजिलो छ, व्यवहारमा कठीन र चुनौतीपूर्ण भएकोमा कुनै शंका छैन। पुस-माघको चिसो जाडोमा कठ्याङ्गिएका भूकम्पपीडितहरुले त्यानो लुगा र ओत लाग्ने ठाउँसम्म पाउन सकेका छैनन्। बालबालिक, बृद्धबृद्धा, सुत्केरी, गर्भवती महिलाहरु सबैभन्दा बढी जोखिममा छन्। चिसोके कारण कतिले अकालमै ज्यान गुमाइसकेका छन्। प्रारम्भिक राहत प्रदान गर्न काममा सरकारी संयन्त्रले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको यथार्थलाई स्वीकार्नैपर्ने हुन्छ। राहत वितरणका क्रममा भएको त्रिपाल काण्ड एउटा लज्जाको विषय थियो। तत्कालीन अर्थमन्त्री रामशरण महतको नामसमेत यसमा जोडिएको थियो। पुनर्निर्माण महाअभियानका क्रममा राज्यले करीब सात खर्ब रुपैया खर्च गर्नेछ। यसरी खर्च हुने रकममा चार खर्ब रुपैयाँ विभिन्न दात् निकायले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सरकारले चालु आबको लागि ७४ अर्ब रुपैयाँ विनियोजन गरेको छ र अहिले सोही रकमबाट पुनर्निर्माणको काम प्रारम्भ भइसकेको छ। यति ठूलो धनराशी खर्च हुने भएकोले यसमा भ्रष्टाचार हुँदैन भनेर आश्वासन दिनुभन्दा बलियो र भरपर्दो संयन्त्र निर्माण गरी जरुरी छ। हाम्रो राज्य संयन्त्र कति भ्रष्ट छ भन्ने कुरा बताइरहनु पर्दैन। विगतको त्रिपाल काण्ड नमुनायोग्य उदाहरण हो। पुनर्निर्माणको क्रममा ठूलो धनराशी खर्च हुने भएकोले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्तिका क्रममा देखिएको अन्तर्विरोधलाई हल्का ढंगले हेर्न मिल्दैन। राष्ट्रिय संकल्पका साथ पूरा गर्नुपर्ने मानवीय काममा समेत दलहरुबीच कुरा नमिल्नु र विवाद लम्बिदै जानु दुखद् विषय थियो। हुन त विगतको प्रसंग उठाउनु अहिले सान्दर्भिक नहोला तर सफा नियत राखेर काम गर्ने हो भने नेतृत्वमा विवाद गर्नुपर्ने आवश्यकता हुँदैन। त्यसैले पुनर्निर्माणको कामलाई जनस्तरबाटै अनुगमन गर्न विशेषतः सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुपर्दछ। पुनर्निर्माणको काम जुनढंगले अगाडि बढ्न सक्नुपर्थ्यो, त्यसअनुरुप हुन नसकेको सत्य हो। त्यसमा कहाँ-कहाँबाट कमी कमजोरी भए, समीक्षाको विषय बन्नसक्छ तर अब पूर्ण इमानदारिता र निष्ठाका साथ अभियान सार्थक बनाउनेतर्फ सबै लाग्नुपर्छ। हाम्रो राज्य संयन्त्र इमानदार र प्रतिबद्ध मात्रै हुन सक्यो भने बजेटको कमी हुनेछैन। विभिन्न मित्रराष्ट्र र दात् निकायहरुले जसरी सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्, त्यसले पनि इमानदारिता र प्रतिबद्धताको खोजी गरेको पृष्टै छ। यो बेला राज्य संयन्त्रले मात्र हैन, जनताले पनि इमानदारिता देखाउन सक्नुपर्छ। नक्कली भूकम्पपीडित बनेर राज्यबाट सहयोग लिनेहरुलाई जनस्तरबाटै निरुत्साहित गर्न र नक्कली ठहरे कानून बमोजिम कडा सजाय गर्ने परिपाटी बसाल्न त्यत्तिकै जरुरी छ। जनताको सहयोग र सहभागिता बिना कुनै काम सफल हुन नसक्ने भएकोले जनपरिचालनलाई उच्च प्राथमिकतामा राखेर काम अगाडि बढाउनुपर्छ। त्यसो गर्न सकियो भने मात्रै पुनर्निर्माण महाअभियानले सार्थकता पाउने निश्चित छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ ४ गते मंगलबार, तदनुसार जनवरी १९ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको दशमी तिथि १४ घटि ४५ पला अर्थात दिनमा १२ बजेर ५१ मिनेटसम्म त्यसउपरान्त एकादशी तिथि लागेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २६ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४७ मिनेटमा जयदेव मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३२ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अघुरा कार्य पुरा हुने।

वृष : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बिल्नेछ, पठनपाठन क्षेत्र असन्तव्यस्त हुने, दिन खराब छ।

मिथुन : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

कर्कट : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

सिंह : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने।

कन्या : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

तुला : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ, दिन शुभ छ।

वृश्चिक : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदैशिक रोजगारको अवसर मिल्ने, स्वीपक्षधारी अपराध गरिने छ।

धनु : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

मकर : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकान बढ्नेछ।

कुम्भ : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक एवम् व्यक्तिगत काममा सकियता बढ्नेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

नेविसंघको महाधिवेशन कुर्दाकुर्दै पार्टीको महाधिवेशन

विष्णु बुढाथोकी/सेतोपाटी

नेपाली कांग्रेसको केन्द्रीय नेतृत्वमा देखिने अधिकांश अनुहार दुई पुष्ठभूमिबाट आएका छन्- पञ्चायतकालको प्रतिबन्धित राजनीतिबाट खारिएर आएका पुराना व्यक्तित्व र भ्रातृसंस्थाको नेतृत्वबाट राष्ट्रिय राजनीतिमा स्थापित नेताहरू। वरिष्ठ नेता शेरबहादुर देउवा, गमशरण महत, विमलेन्द्र निधि, ज्ञानेन्द्रबहादुर कार्की, बलबहादुर केसी, बालकृष्ण खाँण, एनपी साउद र गगन थापासम्म पार्टीको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको राजनीतिबाट पार्टीमा स्थापित भएका हुन्। यसले अहिले पनि पार्टीका अन्य भ्रातृसंस्थाको तुलनामा विद्यार्थी संगठनलाई कांग्रेसको राजनीतिमा नेतृत्व विकास गर्न उर्वर फाँटका रूपमा लिने गरिएको छ।

त्यो उर्वर फाँट अहिले भने पार्टी नेतृत्वकै कारण बञ्जरभूमिमा परिणत हुँदैछ। विद्यार्थी संगठनको नेतृत्व लिने अपेक्षामा बर्षौंदेखि उमेरको समेत ख्याल नगरी कूदै आएका नेता अहिले पार्टीभित्रै आफ्नो राजनीतिक भविष्य र भूमिका खोज्न बाध्य भएका छन्। खासगरी तत्कालीन नेपाली कांग्रेस र कांग्रेस-प्रजातान्त्रिकबीच २०६४ मा भएको एकीकरणपछि यस्तो स्थिति आएको हो। एकीकरण हुनुअघि दुवै पार्टीको विद्यार्थी संगठनमा अधिवेशनमार्फत् विधिबत नेतृत्व चयन भएको थियो। त्यसपछि भने पछिल्ला ८ वर्षमा विद्यार्थी संघको अधिवेशन हुन सकेको छैन।

यस अवधिमा नेतृत्वको आकाक्षा बोकर विद्यार्थी राजनीतिमा लागिरहेका भन्डै आधा दर्जन युवा नेताको आशा र भरोसामा पार्टी नेतृत्वले पानी फेरीरहएपछि उनीहरूलाई अबको आफ्नो राजनीतिक भूमिका पार्टीभित्र कहाँ, कसरी र कुन स्थानमा सुरक्षित गर्ने भन्ने चिन्ताले सताएको छ।

२०६४ जेठमा चितवनबाट प्रदीप पौडेल (नेपाली कांग्रेस) र साउनमा नेपालगन्ज अधिवेशनबाट कल्याण गुरुङ (कांग्रेस-प्रजातान्त्रिक) क्रमशः विद्यार्थी संघको सभापतिमा निर्वाचित भए। पार्टी एकीकरणपछि भने आन्तरिक भागबन्डा मिलाउँदा पौडेलको नेतृत्व कायम गरिएको थियो।

त्यतिबेलै एकीकृत विद्यार्थी संघको केन्द्रीय पदाधिकारीको भूमिकामा रहेका नयनसिंह महर, मनोजमणि आचार्य, जीतजंग बस्नेत, भूपेन्द्रजंग शाही, प्रतिमा गौतमसहित केदार कार्की, रन्त कार्की, ऋषिकेपजंग शाह लगायत कतिपय विद्यार्थी नेता २०६६ मा अधिवेशन भए नेतृत्वको प्रमुख दावेदारका रूपमा देखिएका थिए।

'संगठनको विधानअनुसार प्रत्येक दुई वर्षमा हुनुपर्ने भ्रातृसंस्थाको अधिवेशन पार्टी नेतृत्वले हस्तक्षेप गरी लामो समय रोकिँदाएपछि संगठनको माध्यमबाट पार्टी राजनीतिमा उक्लने र राष्ट्रिय राजनीतिमा स्थापित हुने विकासकर्मी रोकिये,' विद्यार्थी नेता महरले भने। आफूसँगका कतिपय साथी पार्टीको केन्द्रीय समितिमा त कति सांसद वनिसकेको अवस्थामा अब पनि भ्रातृसंस्थाको अधिवेशन कुरेर बसे आफू पार्टी राजनीतिमा थप पाँच वर्ष पछि पर्ने उनको विश्लेषण छ।

'भ्रातृसंस्थाको नेतृत्व विकासमा ध्यान नदिने वर्तमान नेतृत्वसँग अब पार्टीको अधिवेशनमा प्रतिस्पर्धा गर्नुको हामीसँग विकल्प रहेन,' वरिष्ठ नेता देउवाको गृहजिल्ला डडेल्धुरावाट राजनीतिमा लागेका महरले भने। पार्टी र विद्यार्थी राजनीतिमा देउवानिकट रहेका महरलाई देउवा स्वयं सभापतिको उमेदवार बन्दै गर्दा उनकै समूहको केन्द्रीय सदस्य सूचीमा पर्ने सम्भावना कम देखिए पनि महर भन्छन्, 'अब म पनि केन्द्रीय समिति सदस्य निर्वाचनमा प्रतिस्पर्धा गर्छु' पार्टीको १३औं महाधिवेशनमा भन्डै २ सय २५ विद्यार्थी नेता महाधिवेशन प्रतिनिधिका रूपमा आएको उल्लेख गर्दै महरले यो संख्या १३औं महाधिवेशनमा अझ थपिने दावी गरे। 'त्यसैका आधारमा पनि कतिपय युवा विद्यार्थी नेता पार्टीमा स्थापित हुन सक्छन्,' उनले भने। २०६५ मा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनमा विवाद उत्पन्न भएपछि ०६६ मा हुनुपर्ने नियमित अधिवेशन हुन नसकेको हो। महामन्त्री प्रकाशमान सिंहको संयोजकत्वमा गठित एक समितिले विद्यार्थी संघ, तरुण दल, महिला संघ लगायत सबै भ्रातृसंस्थाका तत्कालिन केन्द्रीय समिति भंग गर्ने निर्णय गरेको थियो। नेताहरूकै दवाब र सुझावका आधारमा पौडेलले ०६७ चैतमा विद्यार्थी संघको अध्यक्षवाट राजीनामा दिएका थिए।

त्यसपछि २०६८ पुसमा सभापति सुशील कोइरालाले ६ महिनाभित्र अधिवेशन सम्पन्न गर्ने जिम्मेवारीसाथ रोज्नत कर्णको नेतृत्वमा तदर्थ समिति गठन गरेका थिए। त्यसको ४८ महिना बितिसक्दा पनि पटक-पटक अधिवेशनको मिति तय गरी अन्तिम समयमा नेतृत्वको हस्तक्षेपले स्थगित हुँदै आएको छ। यसले विद्यार्थी राजनीतिमा लागेका धुरै युवाको नेतृत्व विकासकम रोकिएको अर्का विद्यार्थी नेता मनोजमणि आचार्य बताउँछन्। उनका अनुसार विद्यार्थी संघको अधिवेशन समयमै भइदिएको भए अहिलेसम्म क्रान्तीमा तीनवटा भड्सकन्पर्ध्याः। 'अधिवेशनवाट नेतृत्व चयन हुन सकेको भए कतिपय विद्यार्थी नेता संगठनकै नेतृत्वमा रहेर त्यसकै नेटवर्कबाट पार्टीको राष्ट्रिय राजनीतिमा स्थापित हुन सक्ने अवस्था रहन्थ्यो,' आचार्यले भने, 'विद्यार्थी नेतृत्वमा जन्म नसकेकाहरू आफ्नो राजनीतिक भविष्य निर्धारण गर्न गाउँ, क्षेत्र, जिल्ला र केन्द्रको तयागीमा जुट्नपस्ने अवस्था हुने थियो'

पार्टी नेतृत्वकै हस्तक्षेपले त्यस्तो अवस्था नहुँदा लामो समयदेखि विद्यार्थी राजनीतिमा लागेका युवा नेताको नेतृत्व विकासक्रम अवरुद्ध भएको उनले बताए। देशकै पुरानो राजनीतिक दल कांग्रेसमा अहिले २०१७ सालपछि पञ्चायतकालमा संघर्ष गरेकादेखि २०४६ को आन्दोलनमा सहभागी भएर राष्ट्रिय राजनीतिमा स्थापित नेता मात्र होइन, २०६२ पछि राजनीतिमा उदाएका साधनस्रोत सम्पन्न समूहसमेत छन्। ती सबैसंग आफूहरूले पनि प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको आचार्यको बुझाइ छ।

माओवादी द्वन्द्वको उद्गमस्थलका रूपमा परिचित रोल्पा जिल्लावाट कांग्रेसको भ्रातृसंगठनमा क्रियाशिल भएर गणतन्त्रको बकालत गर्दै केन्द्रतह सम्म आइपुगका आचार्यलाई उमेर कति पुग्यो भन्ने प्रश्नले सधैं विझाउँछ। उनी त्यस्तो प्रश्न सोध्नेलाई जवाफ दिन्छन्, 'चालिस वर्ष टेक्नै लागें, अब त विद्यार्थी राजनीतिको ऊर्जा बिस्तारै खिइँदै गएछ।' एकातिर भ्रातृसंस्थाको नेतृत्व विकास हुनवाट पार्टी नेतृत्वले हस्तक्षेप गर्ने, अर्कातर्फ पार्टी राजनीतिमा प्रवेश गर्न खोज्दा पुरानो नेतृत्वले आफ्नो स्थान सुरक्षित गर्न नयाँ पाँत र पुस्तालाई हाँदिँकतासाथ स्वागत नगर्ने अवस्था रहेको उनको बुझाइ छ।

प्रतिबन्धित कालमा राजनीति गर्न जति खतरा थियो, अहिले खुला राजनीतिमा त्योभन्दा कठिन अवस्था मडसूस गरेको उल्लेख गर्दै आचार्यले भने,-'हिजो पार्टी राजनीतिमा निष्ठा, त्याग, समर्पणभाव र आत्मीयता थियो, अहिले त्यसको सट्टा नेता, नाता, भ्राता र दाताले बढी स्थान पाउँदा हामीजस्ता कार्यकर्तालाई बाँच्नै कठिन भयो।' परिस्थितिको जटिलतासँगै समयको चाप राख्दी बुझेका आचार्य अझै विद्यार्थी संगठनको अधिवेशन कुरी या यसलाई चटक्कै बिर्सेर पार्टी राजनीतिमा लागी भन्नेमा निर्णयमा पुग्न नसकेको बताउँछन्। 'पार्टीको नयाँ विधानको स्वरुप, गाउँ र नगर तहको अधिवेशनपछि निर्णय गर्छु,' उनले भने। त्यस्तै, एकीकृत विद्यार्थी संघको महामन्त्री भएका जीतजंग बस्नेत यसअघि दुईपटक जस्तै गृहजिल्ला ललितपुरबाट पार्टी अधिवेशनमा प्रतिनिधि बनेर आउने तयारीमा छन्। उनले अहिलेसम्म विद्यार्थी राजनीति छाडेर पार्टीको कुनै निकायमा संलग्न हुने वा नहुने निर्णय गरिसकेका छैनन्।

कांग्रेस राजनीतिको केन्द्रबिन्दुका रूपमा परिचित मोरङवाट विद्यार्थी राजनीतिमा लागेका केदार कार्की उमेरले ४० कार्टिसकेको अवस्थामा अब विद्यार्थी राजनीतिको नेतृत्व लिने ऊर्जा सकिँदै गएको बताउँछन्। 'लामो समय विद्यार्थी संघको अधिवेशन नभएपछि मेरो विद्यार्थी जीवनको ऊर्जा सकियो, अब नयाँ युवा पुस्तासँग बेभेलेन्स नमिल्ने हुँदा पार्टीको जिल्ला सभापतिको तयारीमा लागेको छु,'-कार्कीले विराटनगरबाट टेलिफोन सम्पर्कमा भने।

उता, ४३ वर्षको उमेरसम्म विद्यार्थी राजनीतिमा लागेका सत्यानन्द जाँघिकेजंग शाह अब त्यो मैदान आफ्ना लागि उपयुक्त नभएको आत्मसात् गर्दै जिल्ला फर्केर गाउँ, क्षेत्र र जिल्ला राजनीतिमा केन्द्रित हुन बाँचिसकेका छन्। आगामी अधिवेशनमा पार्टीको जिल्ला सभापतिको उम्मेदवारी दिने तयारीमा रहेको बताउँदै शाहले भने, 'अबको राजनीतिक जीवन पार्टी संगठन र जिल्लामित्रै विकास निर्माण र सामाजिक गतिविधिमै केंन्द्रत गर्छु'

तत्कालीन राजा ज्ञानेन्द्र शाहले सत्ता हत्याएपछि राजधानीको पशुपति बहुमुखी क्याम्पस र रत्नपार्कमा विभिन्न ढंगले विरोध गरेर चर्चा कमाएका विद्यार्थी नेता कुन्दन काफ्लेदेखि रामेछापवाट काठमाडौं आएका अरुए विद्यार्थी राजनीतिमा लागेका रत्न कार्कीमा पनि विद्यार्थी राजनीतिप्रति मोह भंग हुँदै गएको छ। अधिवेशन मिति नजिकिँदै जाँदा काफ्ले दोलखा क्षेत्र नम्बर १ बाट र कार्की रामेछाप १ बाट महाधिवेशन प्रतिनिधि बनेर आउने तयारीमा केन्द्रित छन्।

परिवर्तित राजनीतिक अवस्थामा संविधान र पार्टी विधानले व्यवस्था गरेको प्रावधान अनुसार विभिन्न जातजाति, वर्ग, सम्प्रदाय र लिंगका आधारमा प्रतिनिधि चयन गर्नुपर्ने अवस्थामा आफूहरूजस्तो विद्यार्थी राजनीतिबाट माथि उठ्दै गरेका व्यक्तिले प्रतिस्पर्धामा खरो उत्रन् चुनौतिपूर्ण रहेको कार्की बताउँछन्। 'तैपनि सबै कुराले सम्पन्न र जिल्लामा स्थापित नेताहरूसंग प्रतिस्पर्धा गर्नको विकल्प नभएकैले महाधिवेशन प्रतिनिधिकै तयारीमा लागेको हुँ,'-कार्कीले भने।

वैशाख १२ पछि भूकम्पीय जोखिम बढेकै हो ?

डा. सोमलाल सापकोटा

नेपालमा ठूलो भूकम्प जाँदिछ भन्ने आसयका समाचार तथा लेख-रचना पछिल्लो समय विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन्। के वैशाख १२ पछि भूकम्पीय जोखिम बढेकै हो त? नेपाल भौगोर्भिक रूपले नै भूकम्पीय जोखिम क्षेत्रमा रहेको मुलुक हो। पूर्वमा बर्मादेखि पश्चिममा अफगानिस्तानसम्मको करिब २५०० किलोमिटर हिमालय शृंखला विगतमा गएका महाभूकम्पको समष्टिगत रूप हो। यस क्षेत्रमा विगत सय वर्षयता पटकपटक साना-ठूला भूकम्प गएका छन्। सबभन्दा पहिला नैपालमा गएका भूकम्पको इतिहास हेरौं। इतिहासकार महेशराज पन्तले नेपालको ऐतिहासिक भूकम्प सम्बन्धी "A Step Towards Historical Seismicity" नामक लेख प्रकाशन गरेका थिए उक्त लेखमा सन् १२४५ पछिका भूकम्पवारे विभिन्न ऐतिहासिक तथ्यको खोज गरिएको छ। सम्भवतः यो नै नेपालको ऐतिहासिक भूकम्प सम्बन्धी पहिलो लेख हो। उक्त अभिलेखमा सन् १२२३ र १२४५ मा गएका दुई भूकम्पको उल्लेख भए पनि १२२३ बारे त्यति जानकारी छैन। सन् १२४५ बारे भने इतिहासमा विस्तृत व्याख्या गरिएको पाइन्छ। यो भूकम्प जुन ७ मा गएको थियो सबैभन्दा बढी असर परेको काठमाडौंको कुल जनसंख्याको एकतिहाइ समाप्त भएको थियो। त्यतिबेला भूकम्पमा परेर राजा अभय मल्लको मृत्यु भएको इतिहास छ। करिब एक महिनासम्म मान्छे घरबाहिरै बसेका थिए।

त्यसको करिब ९० वर्षपछि १३४४ मा राजा अरी मल्लको मृत्यु हुने गरी अर्को भूकम्प गएको तथ्य पन्तको लेखमा छ। तर, त्यसबाट कति क्षति भयो भनेबारे लेखमा त्यति व्याख्या गरिएको पाइँदैन। सन् १२५५ को करिब ५७८ वर्षपछि १८३३ अगस्ट २६ तारिखमा गतको ११:५५ बजेतिर अर्को ठूलो भूकम्प गयो। काठमाडौंमा करिब ५ सय जनाले ज्यान गुमाए। उक्त भूकम्पको झटका करिब एक मिनेटसम्म महसुस गरिएको उल्लेख छ। यस आधारमा १८३३ को भूकम्पलाई लगभग वैशाख १२ संग मिन्दोजुन्दो मान्न सकिन्छ। यो भूकम्प जानुअघि ५ घन्टा र २५ मिनेटपूर्व दुईवटा पूर्वकम्प आएका थियो, जसले धेरै मानिस डरले घरबाहिरै बसेका थिए। यही कारणले पनि धेरै मानवीय क्षति हुन नपाएको व्याख्या गरिएको छ। वैशाख १२ जस्तै त्यतिबेला पनि परकम्पनहरू लामो समय निरन्तर गइरहेको तत्कालीन भारतीय दूत ब्याम्बेलले आफ्नो डायरीमा वर्णन गरेका छन्। १९९० सालको भूकम्प भने वैशाख १२ को तुलनामा कयौं गुणा ठूलो थियो। त्यतिबेला करिब २ मिनेट धक्का महसूस गरिएको बल्मशमशेरको पुस्तकमा छ। यसको सम्पूर्ण शक्ति चुरेको फेदमा पुगेर निष्कासन भएको तथ्य पत्तिकारको अध्ययन-अनुसन्धानले देखाएकोछ।

वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर गएको शक्तिशाली भूकम्प र वैशाख २९ गते सिन्धुपाल्चोक केन्द्रबिन्दु बनाएर गएको शक्तिशाली परकम्पन क्षेत्रभन्दा पूर्व सन् १९३४ अर्थात् १९९० माघ २ को महाभूकम्पले उक्त क्षेत्रमा सञ्चित शक्ति क्षीण गराएको पाइन्छ। यसले भारतको बिहार, नेपालका पूर्वी जिल्ला, काठमाडौं खान्ढो र आसपास क्षेत्रमा गरी करिब १५ हजार ६ सय ४७ जनाले ज्यान गुमाएको विवरण ब्रह्मशमशेरको पुस्तक '९० सालको महाभूकम्प' मा पाइन्छ। उक्त भूकम्पबाट काठमाडौं खान्डोमा मात्र ४२९६ जनाले ज्यान गुमाएको रेकर्ड छ। त्यसबेला काठमाडौं खान्डोको जनसंख्या तीन लाख हाराहारी थियो। त्यस्तै, पूर्वका विभिन्न जिल्लामा गरी त्यत्तिकै हाराहारीमा ज्यान गएको पाइन्छ।

१९९० सालको भूकम्पको केन्द्रबिन्दु पूर्वी नेपालको चैनपुर आसपास भएको नेपालमा भूकम्पसम्बन्धी वैज्ञानिक अध्ययन-अनुसन्धानका अग्रज स्व. माधवराज पाण्डेले प्रकाशित गर्नुभएका लेखमा पाइन्छ। नेपालमा गएका यी भूईचाला मात्र होइनन्, समग्र हिमालय शृंखलामा सन् १८९७ (सिलोङ), १९५० (आसाम), १९०५ (काँग्रा) र २००५ (मुजफरवाद) मा गएका भूकम्पको कारण एउटै रहेको पाइन्छ। भारतीय भूखण्ड पाँच करोड वर्षदेखि तिब्बती भूखण्डमुनि घुसिरहेको छ। यस क्रममा भारतीय भूखण्डले धक्का दिने र तिब्बती भूखण्डले रोक्न खोज्ने प्रक्रिया चल्दै आएको छ। यसले हिमालय क्षेत्रका भूखण्डमा दरार उत्पन्न भएका छन्, जसमा शक्ति सञ्चय हुन्छ। त्यस्तो शक्ति चट्टानले थेग्न सक्ने क्षमताभन्दा बढी भएपछि चट्टानहरू भाँचिन्छन्। फलस्वरुप भूकम्प जान्छ। भूकम्पको धस्साई करिब ३ हजार मिटर उच्च हिमालयको फेदभन्दा १५-२० किलोमिटर गहिराइबाट सुरु हुन्छ। यसलाई 'हाइपोसेन्टर' भनिन्छ। त्यहाँबाट प्रवाह हुने भूकम्पको शक्ति दक्षिणतर्फ चुरेको फेदमा गई निष्कासन हुन्छ। भूकम्प केन्द्रबिन्दु भएको भागको उत्तरतर्फ जमिन धस्सिन् र दक्षिणतर्फको भाग माथि उठ्नुको कारण यही हो।

वैशाख १२ को गोरखा भूकम्पले पनि चिलिमे र आसपासका क्षेत्र करिब ६० सेन्टिमिटर तल धस्सिएको छ भने भूकम्पको केन्द्रबिन्दु र चिरा परेको क्षेत्रको दक्षिणी भाग करिब ७० सेन्टिमिटरदेखि १ मिटरसम्म माथि उठेको तथ्य बाहिर आएको छ। यो भूकम्पको नियमित प्रक्रिया नै हो। यही प्रक्रियाबाट चुरेको फेदमा रहेका टारको उचाइ बढ्ने गर्छ।

यसपालि वैशाख १२ को भूकम्पको शक्ति भने चुरे फेदमा पुगेर क्षीण नभई काठमाडौंमुनि करिब ११ किलोमिटर गहिराइमा अडिइएर रहेको छ र कुनै पनि केला काठमाडौं र यसको दक्षिणी भागमा वैशाख १२ कै हाराहारी भूकम्प जान सक्छ भन्ने आसयका लेख प्रकाशित भएको पाइन्छ। के यसमा वैज्ञानिक आधार छन् ?

वैशाख १२ मा गएको भूकम्पकै दरारमा करिब १८२ वर्षअघि अर्थात् सन् १८३३ मा भूकम्प गएको पाइन्छ, तर त्यसलगतै काठमाडौंलाई क्षति पुग्ने गरी भूकम्प गएको हालसम्मका अध्ययन-अनुसन्धानले पुष्टि गरेका छैनन्। १८३३ को ३३ वर्षपछि सन् १८६६ मा गएको भूकम्प पनि अधिलोभन्दा सानो थियो। त्यसले करिब क्षति पुर्यायो भन्ने तथ्य ऐतिहासिक दस्तावेजमा पाइँदैन।

काठमाडौं तलसम्म आइपुगेको भूकम्पको धाँजा चुरेमा पुगेर कसरी निष्कासन हुन्छ भन्नेमा निम्न विकल्पको सम्भावना देखिन्छ :

१) काठमाडौंमुनि सञ्चित शक्ति कुनै भूकम्पबाटै विस्तारै घसिएर चुरेसम्म पुगेर क्षीण हुन सक्छ, जसलाई 'सुप्त भूकम्प प्रक्रिया' (creeping process) भनिन्छ।

२) १८३३ पछि १८६६ मा गएको भूकम्पजस्तै कहीं भूकम्पले उक्त चिरालाई चुरेको फेदसम्म पुर्याइदिन सक्छ।

३)गोरखादेखि देहरादून सम्मको भागमा करिब ५०० वर्ष भूकम्प गएको छैन। त्यस क्षेत्रमा जानसकने भूकम्प वैशाख १२ को केन्द्रबिन्दु आसपास गए पनि उक्त सञ्चित शक्ति क्षीण गराइदिने सम्भावना रहन्छ।

त्यसैले, यसै हुन्छ भनी ठोकुवा गर्न अवस्था छैन। आजसम्म भूकम्प पूर्वानुमान गर्न सकिने कुनै विधि आविष्कार भएको छैन। हाम्रो भौगोर्भिक अवस्थाले भूकम्पीय जोखिम हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहन्छ। यसको असर न्यूनीकरण गर्ने विधि अपनाई भूकम्पको असर कम गर्न सकिन्छ।

(लेखक खानी तथा भूगर्भ विभागका उप-महानिर्देशक हुन्।)

'शान्तिका लागि निजी क्षेत्रको दवाव आवश्यक'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

वरिष्ठ अधिकारकर्मी तथा पूर्व सभामुख दमननाथ ढुंगानाले असन्तुष्ट पक्षलाई वार्ताको टेवुलमा ल्याउनका लागि निजी क्षेत्रले दवाव दिनुपर्ने बताएका छन। पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूसंग सोमवार भएको भेटघाटको क्रममा उनले शान्तिविना व्यवसायिक वातावरण नबनें भएकले शान्तिका लागि निजी क्षेत्रले दवाव दिनुपर्ने अवस्था आएको बताएका हून । 'संविधानले स्थायित्व दिने देखिएन,संविधान सबैलाई मान्य नहुने वातावरण बन्यो भने यसले सबैभन्दा निजी क्षेत्रलाई नै सबैभन्दा ठूलो हानी गर्छ',उहाँले भनें-'निजी क्षेत्रले दवाव नदिने हो भने स्थिति अझ विग्रन सक्छ।'

मधेशमा जारी आन्दोलन र जनजाति एवं सीमान्तकृत वर्गमा देखिएको असन्तुष्टीलाई वार्ताकै माध्यमबाट समाधान गर्नुपर्नमा उहाँको जोड थियो । मधेशी मोर्चा र सरकारबीच विश्वासको संकट देखिएको उल्लेख गर्दै उनले विश्वासको वातावरण बन्न तथा दीर्घकालीन समहती कायम हुन समय लाग्ने थाही समेत गरे । उनले भारतसंग देखिएको असमझदारी हटाउन निजी क्षेत्रले भारतीय सरकारसमक्ष समेत लविड गर्नुपर्ने अवस्था आएको समेत बताए ।

'मुख्य कुरा असन्तुष्ट पक्षलाई सडक हैन, संवादमा ल्याउन पहल गर्नुपर्छ, यो काम निजी क्षेत्रले गर्न सक्छ ।'- उनले भने । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले लामो समयसम्म भएको अस्थिरताले व्यवसायिक वातावरण चौपट भएकोले व्यवसायबाट पलायन हुनुपर्ने अवस्था आएको जानकारी दिए । नेपालको निजी क्षेत्र सधैं शान्ति र स्थिरताको पक्षधर भएको जानकारी दिंदै उहाँले राजनीतिक विवादको समाधानको लागि राजनीतिक दलहरले नै मुख्य भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे। इन्धन लगायत अत्यावश्यक सामानको अभाव हुंदा राज्यले समानुपातिक वितरण गर्न नसकेको र आपूर्ति व्यवस्था राजधानी केन्द्रित गरिएकोप्रति ध्यानाकर्षण गराइदिन उनले अधिकारकर्मीहरुसंग आग्रह समेत गरे ।

संघका प्रथम उपाध्यक्ष देव क्षेत्रीले नेपालमा अत्यावश्यक सामग्रीको अभाव रहेको तथा अमुरुश समेत बढेको भन्ने सन्देश विश्ववजारमा पुग्दा यहांको पर्यटन व्यवसायमा ठूलो हानी पुगेकोप्रति संवेदनशील बन्न सबै पक्षसंग आग्रह गरे । लामो आन्दोलनले सबैभन्दा ठूलो नोक्सान व्यवसायीकै भएको बताउंदै उनले व्यवसाय धराशायी हुंदा पनि राज्य संवेदनशील नभएको बताए ।

संघका द्वितीय उपाध्यक्ष मीनराज काफ्लेले शान्ति विना विकास असम्भव भएकोले अधिकारकर्मीहरुको पहल शान्ति स्थापनाकै निम्ति हुनु पर्नेमा जोड दिए। मधेशको अधिकारको कुरा गर्नैले त्यहाँका सीमान्तकृत डोम, मुसहर वर्गको उत्थानमा ध्यान नदिएको र समानुपातिक एवं समावेशीको नाउंमा प्राप्त हुने आरक्षण त्यहाँका उपल्ली वर्गले नै उपयोग गर्ने अवस्था आउनेतर्फ सचेत हुनुपर्नेमा पनि उहाँको धारणा थियो ।

संघका महासचिव रवीन्द्रनाइर प्रज्ञले वजारमा इन्धन तथा अत्यावश्यक सामानको अभाव हुंदा नाजायज फाइदा लिनेहरु वास्तविक व्यवसायी नभएको बताए । उनले स्वच्छ तथरले व्यवसाय गर्नेहरुलाई अहिलेको अवस्थाले निराश बनाएकोले सबैको पहलमा समस्याको निकास खोज्नुपर्नेमा जोड दिए। अधिकारकर्मी वीरेन्द्र मिश्रले आफू ४० वर्षदेखि राजधानीमा बस्दै आएको जनाउंदै पछिल्लो समय मधेश र पहाडबीच देखिएको वैमनश्यता कम गर्नु अहिलेको आवश्यकता रहेको बताए ।

यसैबीच पोखरा उद्योग वाणिज्य संघले स्थलगत रुपले खटिएका कर्मचारीहरुमार्फत व्यवसाय कर भुक्तानी गर्ने सुविधाको उपयोग गर्न व्यवसायीसंग आग्रह गरेको छ । स्थानीय स्वायत्त शासन ऐन तथा पोखरा उप-महानगरपालिकाको नगर परिषदले गरेको निर्णय अनुसार नगर क्षेत्रमा संचालित सबै पकारका उद्योग, पेशा र व्यवसायले निश्चित परिमाणमा कर बुझाउनुपर्छ । संघका कोषाध्यक्ष दीलिपराज श्रेष्ठका अनुसार कर तिनुपर्ने बाध्यकारी प्रावधानलाई सहज बनाउन संघले व्यवसायीको घर/डेलीमा नै आफ्ना कर्मचारी पठाई व्यवसाय कर संकलनको व्यवस्था मिलाएको हो ।

उनका अनुसार सधैं व्यस्त रहने व्यवसायीहरुले सहज तरिकाले कर बुझाउन सकून भन्ने ध्येयले नै उपमहानगरपालिकासंग सम्झौता गरी पोखरा उद्योग वाणिज्य संघले कर संकलन अभियान चलाएको हो ।

पोखरामा महोत्सवमा दर्शक र कारोवार बढ्दै

पोखरा ४ माघ ।(गोल्डेन)

छैठौं पोखरा महोत्सवको पांचौं दिन सोमवार मात्र २० हजार दर्शकले महोत्सवको अवलोकन गरेका छन् भने ८० लाखको कारोवार भएको छ। महोत्सवमा अवलोकनका लागि पोखरा र आसपासका दर्शकहरुको सहभागिता बढ्दै गइरहेको प्रचार-प्रसार संयोजक लालकाजी गुरुङले जानकारी दिए ।

महोत्सवमा राखिएको पोखरा अन्तर्राष्ट्रिय चिडियाघरको नमुना चिडियो प्रदर्शनीमा २५ हजार बढी दर्शकहरुले दृश्यावलोकन गरेको महोत्सव पर्यटन प्रबर्द्धन संयोजक भुवन ढकालले जानकारी दिए । दृश्यावलोकनमा सहभागी दर्शकहरुले युनाइटेड क्लवले महोत्सवबाट पोखरामा चिडियाखाना बनाउनतर्फ अगाडि बढिरहेको सन्दर्भमा चिडियाखानाको अवधारणा लाई भिडियोमा देखाएकोमा खुसी व्यक्त गर्ने गरेको र आगामी दिनमा यसलाई पूर्णता दिनका लागि सुझाव दिने गरेको समेत ढकालले जानकारी दिए । महोत्सवमा सोमवार लोकदोहोरीतर्फ लोकगायिका टिका पुनले दर्शकहरुलाई मनोरञ्जन प्रदान गरेकी थिइन भने स्थानीय कलाकारद्वारा दोहोरीमार्फत मनोरञ्जन प्रदान गरेको महोत्सवका कलाकार व्यवस्थापन संयोजक लोक बहादुर थापाले जानकारी दिए ।

महोत्सवमा मंगलवार लोकदोहोरी तर्फ राधिका हमाल, प्रजापति परजुली, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, जीवन ढाडाल, कृष्ण सुवेदी, ज्योती लोहोनी, माया केसी, दिलकुमारी मोक्तान लगायतको प्रस्तुति रहने छ भने पप कन्सर्ट तर्फ सलिन राई एण्ड इलेक्ट्रिक्सको प्रस्तुति रहनेछ । महोत्सव माघ १० गतेसम्म सञ्चालन हुनेछ ।

शिवशक्ति मार्ग टोलमा बाल क्लव

पोखरा ४ माघ ।(गोल्डेन)

शिवशक्ति मार्ग टोल पोखरा-११ मा शिवशक्ति बाल क्लव गठन भएको छ। बालमैत्री नगरपालिका बनाउने नगरपालिकाको कार्यक्रम अन्तर्गत शिवशक्ति मार्ग टोल विकास सस्थाको अगुवाइमा बाल क्लव गठन गरिएको हो। टोल विकास सस्थाका अध्यक्ष पुष्पप्रसाद पौडेलको अध्यक्षता, सचिव धर्मदत्त ढुङ्गानाको सञ्चालनमा सम्पन्न कार्यक्रममा राखकण केसीले स्वागत मन्तव्य व्यक्त गरेका थिए। ५१ जना बालबालिका सहभागि सो भेलाले आमा ज्ञवाली अध्यक्ष, एलिजा श्रीष र स्वर्णिम ढुङ्गाना उपाध्यक्ष, स्वर्णिमा ढुङ्गाना सचिव, सिमरड रेग्मी कोषाध्यक्ष, अनुज पौडेल सहसचिवमा निर्वाचित भएका छन्। क्लवको सदस्यहरुमा रोशन गुरुङ, न्यूटन गुरुङ, लक्ष्मी लामिछाने, सविना वि.क., अनमोल वस्नेत, सुरज खत्री, सायम मगर, विकास श्रेष्ठ र किमरा गुरुङ सदस्यमा निर्वाचित भएका छन्। कार्यक्रमा बडा नं१५ का सचिव भिवेन्द्र शर्माले बडा नं १५ नमुना वडा बन्न र बालमैत्री सहर निर्माणमा सहयोग पुग्ने धारणा व्यक्त गरेका थिए। कार्यक्रममा शिवशक्ति महिला उत्पान समूहकी अध्यक्ष उमा श्रेष्ठ, सामाजिक परिचालिका संगीता बराल लगायतले परिवर्तनका लागि बालबालिकाबाट नै सुरु गर्नुपर्ने बताइन ।

मातृभूमि बचत समूहमा पौडेल

पोखरा ४ माघ ।

पोखरा-१९, घामीमा रहेको मातृभूमि बचत समूहको २०औं अधिवेशनले ढुण्डिराज पौडेलको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति चयन गरेको छ । समूहको उपाध्यक्षमा विष्णुमाया पौडेल, सचिवमा पेमबहादुर जि.सी., सहसचिवमा लिला पौडेल, कोषाध्यक्षमा नन्दराज दाहाल र सह कोषाध्यक्षमा विष्णुप्रसाद पौडेल चयन भएका छन्। समूहका अध्यक्ष भोलानाथ पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा असल ऋणि राजेन्द्र पौडेललाई सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष पौडेलले समूहमा आवद्ध सदस्यहरुलाई उत्पादनमुखी क्षेत्रमा लगाउने बताए ।

सिङ्दीमा खानेपानी पाइप वितरण

पोखरा ४ माघ ।

लमजुङको सिङ्दी गाउंमा विगत २ वर्षदेखि खानेपानीको अभाव भएपछि धप खानेपानी आपूर्ति गराउनको लागि जर्मन सरकारले ५ लाख बराबरको खानेपानी पाइप सिङ्दीवासीलाई प्रदान गरेको छ। हिमाली बालकल्याण संरक्षण मंच एफएनएचका अध्यक्ष आलेक्स जेण्डर्सियलले लोसार पर्वको अवसर पारि उक्त गाउंमा धप खानेपानीको लागि ५ लाख बराबरको खानेपानी पाइप गाउंलेलाई हस्तान्तरण गरेका हून। खानेपानीको अभावमा विगत २ वर्षदेखि गाउंलेहरु खोलासम्म धाएर पानी ल्याउंने गरेको गाउंका समाजसेवी टंक प्रसाद गुरुङले बताए । खानेपानीका लागि धैं दुख खेप्नु परे पछि सहयोगका लागि संस्थासंग अपिल गरेका हौं, उनले भने । कवाआजी तमु समाज सिङ्दी, समाजसेवी टंकप्रसाद गुरुङ तथा रामसुब्बा गुरुङका पहलबाट उक्त खानेपानीको पाइप प्राप्त भएको गाउंलेले बताए ।१५ वर्ष पहिले केएए हडकडबाट खानेपानीलागि सिङ्दी गाउंमा खानेपानी विकास कार्यक्रम संचालन भएपनि २ वर्ष यतादेखि देखिएको जलवायु परिवर्तनले मूलतहर नगरी प्रभावित हुंदा पानीको सोतहर घंटेको गाउंलेको भनाई छ ।

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेजको समस्या साधधान बाटर प्रुफिङ्ग गरिन्छ ।

फोन : ०६१-४३०१९४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचौक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

बैक ब्यालेन्स

बैक ब्यालेन्स सर्टिफिकेट तथा बैक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क ९८२६१-०६६०२

तु-अवश्यकता

पोखरामा नयाँ संस्थाका लागि

ट्रैलिकका लागि ड्रैवर	-२ जना
मार्केटिङ्ग म्यानेजर	-२ जना
पब्लारिस्ता/वेब डिजाइनर	-३ जना
रोजगार आत्मनिर्भरता	-२ जना
वचत तथा लघुवित्त	-४ जना
कृषि सम्बन्धी प्रोजेक्ट	-४ जना
N.G.O.Club	-४ जना

सम्पर्क: कन्सल्टेन्सी, ह्युवोक, पोखरा
०६१-४३२६२७, २३८३७८, ९८४६१६६३८

घर तथा फ्ल्याट भाडामा

पोखरा उप-महानगरपालिका वडा नं. ५ पर्स्याङमा एउटा घर तथा फ्ल्याट भाडामा छ । आवश्यक पर्ने व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८५६०३३७५८

खुशीको खबर !

तपाईलाई लागोभागो भई छेवभेट गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलको गाउंडी पार लगाउने देवी हुनुहुन्छ । साथै दाइ इखेको, वाथ, शुकी, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ० दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिष्ठालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५६५६

नेपाल सरकार
उद्योग मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय पोखरा

फोन नं. ०६१-४६२७४७

शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना!

(प्रथम पटक प्रकाशित मिति : २०७२/१०/०५ गते

यस गुणस्तर तथा नापतौल कार्यालय पोखराको आ.व.२०७२/०७३ को स्वीकृत कार्यक्रम बमोजिम २० केजी मास काष्ठअाईरन व्यापारिक ढक (मेशिनरी औजार) २५० थान खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका व्यक्ति, फर्म, संस्था, अधिकृत विक्रेता वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन आह्वान गरिन्छ ।

शिलवन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :

१. शिलवन्दी दरभाउपत्र सम्बन्धि फाराम यस कार्यालयबाट निवेदन साथ ईजाजत पत्र, दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७१/०७२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि रु.३००।(पछि दर्ता नहुने गरी बुझाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. शिलवन्दी दरभाउमा सूचना प्रकाशित भएको मितिले १६औं दिन मिति २०७२/१०/२० गते दिनको ठीक १२.०० बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्ने छ । दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको २.५ प्रतिशतले हुन आउने जमानत वापतको रकम वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक म्यारेन्टी पेश गर्नुपर्ने छ ।

३.दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले सोह्रो दिनको १.०० बजे दरभाउपत्रदाता वा प्रतिनिधि र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउमा खोल्न बाधा पर्ने छैन ।

४. शिलवन्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५. यसका उल्लेखित कुराहरु बाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ साथै अन्य विस्तृत जानकारीका लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin इवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस श्री.नि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु सञ्चालन भैरहेको हुंदा इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

तयारी कक्षा छमाहाका वलिरहेको छ ।

हाम्रा विशेषताहरु :-
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट शेशील गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क : फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५४०५२, मो. ९८४६०-४१९२

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०६८७

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, व्रतवन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी वाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

फिसर इम्पोइनेन्ट एण्ड आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (हिसी अर्वाल), ९८५६०३५४४२
९८०६७०८२४६, ९८०६७०८२४७, ९८४६५४२३३१
०६१-५३०७२४, ५३५३६२ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

अनेक समस्या सफल उपचार

ग्यास्टिक : खाना सँच नहुने, अम्लो पानी आउने, भर्खिल डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।

पीठ समस्या : शिइ स्खलन, उतेजना नहुने, शिइ चिलाउने, स्पज्म दोष जस्तो सुकै पीठ समस्याको सफल उपचार

महिला सम्बन्धि समस्या : महिनामारी नहुवाडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्ले पेट ढाडु कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धसां हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, पीठ खाहालामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिवाट सफल उपचार ।

जाँड रक्सी शाहा नदिई केहि दिनमै छुटाउने सुन्दरता : कालो धाबी पोल्ने, ड्रण्डिफ्रोर, दाग धब्बा, मसिया, फोडी, घाउचाँचिल हटाई पूरै अरिर भोरी बनाउने ।

पुरानो पाखुरा दुखिएमा पहिलो खाडको पानी पीएमा पाखुरा दुखे ।

थप उपचार :- प्रेसर, सुगर, उण्डिहल, पिसास, पाइलस, इम्प नार्भ, ढाड कम्मर, हाड जोडी पूरै अरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
एभरीचोक, पोखरी, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२६१४१८, मो. ९८४६१३७४१८

फ्रि होम भिजिटर

पोखरामा पहिलो पटक

- गोलबुंटक : तिउको साइज, पावर बढाउन, शिइ स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला एस्प्र ड्रैकेको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुलाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप उज्ज्वल (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builds घटाउन (More Slim)
- शाही नदिई जाँड रक्सी छुटोट, खैनी, गाँजा तथा गुस्स छुटाउन।
- ढोड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनसिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

फ्रि होम भिजिटर

पोखरा हर्बल होम्स

(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

आहारारा गोल्डकपमय बन्यो पोखरा

आज उद्घाटन खेल,सहाराले र नव जनजागृतिको सामना गर्ने

राजाराम पौडेल
पोखरा ४ माघ ।

सहारा क्लबको आयोजनामा आज मंगलवारदेखि पोखरामा १४औं आहा रारा गोल्डकप फुटबल प्रतियोगिता सुरु हुँदैछ। पोखरा रङशालामा हुने यस प्रतियोगिता हेर्नका लागि पोखरेली दर्शक निकै आतुर छन् । अन्य ठाउँको तुलनामा फुटबलको केज बढी रहेको पोखरामा आइ आफ्नो खेल कौशल प्रदर्शन गर्न खेलाडीहरु समेत उत्साहित छन् ।

सहारा क्लबले वर्षेनी आयोजना गर्ने यो फुटबल प्रतियोगिता पुग्ने दर्शकको भिडलाई व्यवस्थापन गर्न आयोजकलाइ हम्मेहम्मे पर्ने गर्दछ । त्यसो त आहारारा गोल्डकपमा मात्र हैन पोखरामा सञ्चालन हुने हरेक फुटबल प्रतियोगितामा खेल शुरु हुनु भन्दा घण्टौं अगाडिबाट रङशालामा दर्शकको भीड हुने गर्दछ । अन्य प्रतियोगिता भन्दा साहरा क्लब पोखरले आयोजना गर्ने आहा गोल्डकप प्रतियोगिता भने पृथक हुने गर्दछ ।

त्यसैले त मंगलबारदेखि पोखरा रङशालामा शुरु हुने मोफसलकै सर्वाधिक चर्चित 'फुटबल प्रतियोगिता'१४ औं आहा 'रारा गोल्डकप' हेर्न ठूलो संख्यामा पोखरेलीहरु पोखरा रङशालामा पुग्ने पर्खाइमा छन् । पोखरामा सर्वत्र चर्चा यही प्रतियोगिताकै छ राष्ट्रिय सञ्चार माध्यमदेखि स्थानीय सञ्चार माध्यममा समेत यसैको चर्चा गर्न सुरु गरेका छन् । यसपालिको आहारारा गोल्डकपको उपाधि कुन टीमले उचाल्ला सर्वत्र यसवारेमा फुटबल प्रेमीहरुबीच चर्चा शुरु हुन थालिसकेको छ ।

विगत १५ वर्षदेखि हरेक वर्ष हुने प्रतियोगितामा यसपाली लक्ष्मी हुण्डाई मनाङ्–मस्याङ्दी क्लब, नेपाल पुलिस क्बल, रुसलान घिस्टार क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, रमपम झापा ११, जाउलाखेल युथ क्लब, रहमदगञ्ज एमएफ सोसाईटी, बंगलादेश, नव जन जागृति युवा क्लब, ईन्डियन आर्मी गोर्खा ब्रिगेट टीम, युनाईटेड सिक्किम एफ.सी. भारत र आयोजक सहारा क्लब पोखराले प्रतिस्पर्धा गर्ने छन् ।

वि.स.२०५८ मा क्याराभान गोल्डकपको रुपमा खेलाईएको यस प्रतियोगिता त्यस पछाडि लगातार १० वर्षसम्म आहा गोल्डकपका नाममा खेलाईएको थियो । गत तीन वर्ष देखि आहारारा गोल्डकपका नाममा खेलाइन लागेको प्रतियोगिता माघ १६ गतेसम्म चल्नेछ । मंगलबारको उद्घाटन

१४औं आहारारा गोल्डकप फुटवल प्रतियोगिता–२७७२
आज उद्घाटन खेल
सहारा क्लब, पोखरा
Vs
नव जनजागृति क्लब, सिमरा
स्थान : पोखरा रंगशाला

RARA
रारा तेयारी बाउचाउ

खेलमा आयोजक सहारा क्लबले मिमरोको नव जनजागृति क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

'खेलकुदको विकासमा सहकार्य गरौं पोखरालाई खेलकुद पर्यटन सहरको रुपमा स्थापित गरौं' भन्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा विजेता टीमले ५ लाख १ हजार १ रुपैयां शिल्ड मेडल, ट्रफी र प्रमाणपत्र, उपविजेतालै २ लाख ५१ हजार १ रुपैयां शिल्ड मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । त्यस्तै सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, फेयर प्ले लगायतका पुरस्कार वितरण हुनेछ । २०५८ सालको क्याराभान गोल्ड कपको नाममा पहिलोपटक खेलाईएको प्रतियोगीताको उपाधि नेपाल पुलिस क्बलले जितेको थियो । नेपाल पुलिस क्बलले वि.स. २०५९, २०६४, २०६५, २०६६ र २०६७ को उपाधि समेत आफ्नो पोल्टामा पारेको थियो ।

घीस्टार क्बलले वि.स. २०६३, २०६९ र गत वर्षको उपाधि जितेको थियो । लिग विजेता मनाङ्ले वि.स.२०६०, २०६१ र २०६८ को आहा गोल्डकपको उपाधि चुमेको थियो । त्यस्तै वि.स.२०६२ को विजेता टीम अफिकन युनाइटेड क्लब हो । वि.स.२०७० को उपाधि आयोजक सहारा क्बलले नै जितेको थियो । १२ दिनसम्म पोखरा रङशालामा हुने यस प्रतियोगितालै खेलकुदको माध्यमबाट पोखरको पर्यटन प्रवर्द्धनमा सहयोग गरी पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गर्ने सहारा क्बलले विश्वास लिएको क्बलका महासचिव केशवराज बरालको भनाई छ । सहारा एकेडेमी सहयोगार्थ सञ्चालन हुने प्रतियोगीताबाट बचत भएको रकम एकेडेमी सञ्चालनमा खर्च गरिने बरालले बताए ।

रेवानद्वारा विद्यालय र आमा समूहलाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

रेवान पोखराले कास्कीको लाचोकमा आर्थिक सहयोग प्रदान गरेको छ । रेवान पोखराका अध्यक्ष गोपीबहादुर भट्टराईले लाचोकको श्री बालकल्याण प्राथि र सुनौली पाटन आमा समूहका प्रतिनिधिहरुलाई एक समारोहका बीच जनही १२ हजार ५०० का दरले आर्थिक सहयोग प्रदान गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुणाखर दवाडी र आमा समूहका अध्यक्ष ममता हमालले सहयोग रकम बुझेका थिए ।

मन्दिर निर्माण कार्यमा लागेको आमा समूहलाई नमस्ते प्रतिष्ठान नेपालले पनि साढे बाह्र हजारनै आर्थिक सहयोग प्रदान गरेको छ । प्रतिष्ठानका संस्थापक अध्यक्ष भिष्मराज पौडेलले उक्त रकम हस्तान्तरण गरेका हन् । प्रतिष्ठानले लाचोकमा महिला शसक्तिकरण परियोजना पनि सञ्चालन गरेको छ ।

रकम हस्तान्तरण गर्दै रेवान पोखराका अध्यक्ष गोपीबहादुर भट्टराईले रेवानले सामाजिक उत्तरदायित्व वहन गर्न विगतका वर्षदेखि गर्दै आएको सहयोगलाई यसवर्ष पनि निरन्तरता दिएको बताए । साथै उनले विद्यालयलाई स्टेशनरी तथा खेलकुद सामग्री सहयोग गर्ने प्रतिबद्धता पनि जनाए । कार्यक्रममा रेवान पोखराका सचिव विष्णु बानियाँ, कोषाध्यक्ष विश्वराज पौडेल लगाएतले आ-आफ्नो भनाई राखेका थिए ।

उनीहरुले पोखराको नजिकै रहेको लाचोकलाई पर्यटकिय क्षेत्रका रुपमा विकास गर्न सकिने भन्दै यसतर्फ सहकार्य गर्न तत्पर रहेको जनाए । त्यहाँ सम्म पुग्ने बाटोको उचित व्यवस्थापन गर्न सकिए गाउँका कृषिजन्य उत्पादनलाई सहजै बजारीकरण गर्न सकिने उनीहरुको भनाई थियो ।

व्रह्माकुमारीका संस्थापक ब्रह्मा बाबाको सम्झना

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

ब्रम्माकुमारी इश्वरीय विश्व विद्यालयका संस्थापक प्रजापिता ब्रम्मा बाबाको ४७ औं पुण्यतिथिलाई विश्व शान्ति दिवसका रुपमा मनाइएको छ । विश्वभर इश्वरीय विश्व विद्यालयका शाखाहरुमा पुण्यतिथिलाई विश्व शान्ति दिवसका रुपमा मनाइएको हो । सोहि अनुरुप नयाँबजार शाखामा पनि विश्वशान्तिका लागि योग भन्ने उद्धोधका साथ रोजयोग कार्यक्रमको आयोजना गरि मनाएएको छ । साथै बाबाको विशेषताका बारेमा चर्चा परिचर्चा समेत गरिएको थियो । प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले बाबाको तस्वीरमा माल्यार्पण गर्दै कार्यक्रमको उद्घाटन गरे । उनले ब्रम्मा बाबाले गरेका कार्यहरुलाई अनुकरण गर्दै समाजका लागि योगदान पुऱ्याउन सकेमात्र वाबापति श्रद्धाञ्जली अर्पण हुनेमा जोड दिए । कार्यक्रममा डा. कालु शमा र डा.रमेहमान जोशी, प्रा डा. दिलबहादुर क्षेत्री, स्वतन्त्र

पत्रकार महासंघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोला लगायतले वाबापति श्रद्धाञ्जली अर्पण गर्दै तस्वीरमा माल्यार्पणपण गरेका थिए । कार्यक्रमका सभाध्यक्ष राजयोगिनी परणीताले ब्रम्मा बाबाको जीवनी तथा समाज रुपान्तरणमा गरेका योगदानको चर्चा गरेकी थिइन् । उनले बाबाले समाज उत्थान र अध्यात्मिक जागरणमा मात्र नभई महिला शसक्तिकरणमा समेत योगदान पुऱ्याएको दावी गर्दै त्यसको ज्वलन्त उदाहरण संस्थाको नेतृत्व नारीहरुले गरेको बताइन् ।

त्यस्ती संस्थाका वैश्य महासचिव ब्रम्म कुमार शैलेपराज बरालले १८ जनवरीका दिन ब्रम्माबाबाको पुण्य तिथीलाई संस्थाले विश्वका एक सय ४० देशका दश हजार शाखा तथा उपशाखाहरुमा विश्व शान्ति दिवका रुपमा मनाइएको बताए । साथै नेपालका चार सय शाखा तथा उपशाखा र सात सय इकाई शाखाहरुमा र पोखराका १७ शाखा तथा ५१ इकाई शाखाहरुमा समेत विविध कार्यक्रमका साथ राजयोगका माध्यमद्वारा श्रद्धासुमन व्यक्त गरिएको बताए ।

स्थानीय निकायको संरचना बारे छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

संविधानले गाउँ र नगरपालिकालाई स्थानीय सरकारको रुपमा घोषणा गरेपछि स्थानीय निकायको व्यवस्थापन, सीमाङ्कन र स्वयत्तता सम्बन्धमा सोमवार पोखरामा छलफल भएको छ । जिल्ला विकास समिति कास्कीद्वारा आयोजित सो छलफल कार्यक्रमा विभिन्न राजनीतिक दलका नेता नागरिक समाज र सञ्चारकर्मी सहभागिता रहेको थियो । कार्यक्रममा स्थानीय विकास मन्त्रालयका सहसचिव लक्ष्मीराज पाण्डेले राजनीतिक दलको सहभागितामा स्थानीय निकायको संरचना बनाउनु पर्नेमा जोड दिए। उनले भुगोललाई मात्र आधार नबनाई जनसंख्या प्राकृतिक साधन स्रोत सम्भावित बस्ती विकासलाई ध्यान दिनुपर्ने बताए ।

कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा, मन्त्रालयका उप-सचिव पुरुषोतम ढकाल, एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, कांग्रेसका कास्की सचिव कृष्ण केसी, पत्रकार रमेश पौडेल लगायतले बोलेका थिए ।

नेपाल–माल्दिभ्स आमन्ने–सामन्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

बइबन्धु गोल्डकप अन्तर्गत लिग चरणका तीन बटै खेलमा अपराजित नेपालले सेमिफाइनलमा मङ्गलवार मान्दिभ्सको सामना गर्दैछ। नेपाल समूह 'ए' को उपविजेताको हैसियतमा सेमिफाइनलमा पुगेको हो भने सो समूहको विजेता आयोजक बंगलादेश हो। नेपालले सेमिफाइनल पक्का गर्न श्रीलङ्कालाई १-० गोल अन्तरले पराजित गरेको थियो, जसमा बिमल घर्ती मगरको गोलको योगदान रह्यो।

त्यस्ती नेपालले बंगलादेश र मलेसियाको क्लबसंग गोलरहित बराबरी खेलेको थियो । नेपालको सुखद कुरा यो पनि छ उसले लिग चरणमा कुनै गोल खाएन। नेपाली टोलीका प्रशिक्षक बालगोपाल महर्जनले सेमिफाइनल भिड्नलका लागि आफ्नो टोली विगतका गल्ती सुधार्दै अघि बढिरहेको बताए।

'लिग चरणमा हाम्रा खेलाडीले धेरै अवसर गुमाएकाका दुई खेलमा गोलरहित बराबरीको नतिजा आत्मसात् गर्नुपरयो, वास्तवमा हामीले त्यो नतिजा चाहेका थिएनौ। अब आउने नकआउट चरणका खेलमा त्यो सुधार गर्नैपर्छ, अभ्यासका क्रममा मैले मेरा खेलाडीलाई अवसरलाई सदुपयोग गर्नुबारे सचेत गरएको छु ।'

विश्वयुद्धमा...

अवलोकन गर्न सकिन्छ । स्मारक *सहितका पूर्वाग्रमाण र यहाँको समय पर्यटकीय विकासका लागि लगभग रु १० करोडको लागतको योजना अघि साारिएको बताउँदै गेसोका अध्यक्ष गुरुङले निर्माणाधीन स्मारक निर्माणका लागि हालसम्म आठ करोड ५० लाख रुपैयां सङ्लन भइसकेको जानकारी दिए । पर्यटकीय विकासलाई लक्षित गरी साल्मी डाँडामाथ कास्कीको भरतपोखरीसम्म जोड्ने पाँच डिब्बाको रेलयार्ग निर्माणको योजना समेत राखिएको छ- उनले भने । रेलमार्ग निर्माणको योजना अघि बढाउनसके पर्यटकीयस्थल महीखान, सामघी, निर्माणपोखरी, बर, पाण्डेखुर हुँदै हुङिकोटसम्मको यात्रा र भरतपोखरीस्थित धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य कोटभैरव मन्दिरसम्म पर्यटकलाई पुऱ्याउन सकिने स्थानीयवासीहरू बताउँछन् । साल्मी डाँडामा गोरखा स्मारक निर्माण गरी विश्वयुद्धमा ज्यान गुमाउने नेपालीको स्मृति एवम् सम्मान गर्न र यस क्षेत्रको पर्यटनमा महत्वपूर्ण योगदानका लागि गेसोले सुरु गरेको अभियानमा सबैको सकारात्मक सहयोग आवश्यक हुने नेपाल आदिवासी जनजाति पत्रकार संघ कास्कीका अध्यक्ष हुम गुरुङले बताए । संघले सोमवार स्मारक निर्माणका लागि एकदिने श्रमदान गरेको छ ।

रक्त परीक्षण शिविर हने

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

न्यूरोइमा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) ले पोखरा-३, नदीपुरमा मृगीला सम्बन्धी निःशुल्क रक्त परीक्षण तथा सचेतना कार्यक्रम गर्ने भएको छ। कन्या क्याम्पस पोखराको रक्त वर्पको अवसरमा सोही क्याम्पसकै व्यवस्थापनमा हुने कार्यक्रममा मृगौला रोगसम्बन्धी विषेश विशेषज्ञता हासिल गरेका डा अभिषेक मास्केले मृगौला रोगका कारण, निदानका तरिका र रोगबाट बाच्ने उपायमाथि प्रकाश पार्ने युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले जानकारी दिए। पन्तले न्यावले सामाजिक उत्तरदायित्व बोध गर्दै निःशुल्क रुपमा यसअघि १३ शिविर गरिसकेको जनाए। टोल विकास संस्था समन्वय समिति पोखरा-३, त्यस क्षेत्रका टोल विकास संस्था, आमा समूह र स्थानीयको सकियतामा हुने शिविरमा अन्य सबै पत्रारका रक्त परीक्षणमा समेत ५० प्रतिशत छुटको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

नि:शुल्क स्वास्थ्य शिविर हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

स्व. ओम बहादुर भण्डारीको स्मृतिमा माघ ७ गते बिहीबार निर्मल पोखरी-३, चिलाउनेखर्क (चिसापानी) मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ। नमस्ते हस्पिटल एण्ड रिसोर्ट ग्रेन्ड सर्भिस सेन्टर पोखराको प्राथिमिक सहयोगमा एक दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने कार्यक्रमका संयोजक नारायण बहादुर भण्डारीले बताएका छन्।

स्वास्थ्य उपचारमा विभिन्न समस्या भई शहर बजारसम्म जान नसकेका असक्त र स्वास्थ्य प्रतिको जनचेतना जगाउने उद्देश्यले स्वास्थ्य शिविर सञ्चालन गर्न लागिएको समेत भण्डारीले जानकारी दिएका थिए।

सिद्धार्थ युवा क्लब, आमा समूह र सृजना आमा समूहद्वारा आयोजना गर्न लागिएको उक्त कार्यक्रममा नमस्ते हस्पिटलका मुटु तथा मधुमेह रोग विशेषज्ञ डा. मानबहादुर गुरुङ र स्वदेशी तथा विदेशी डाक्टरहरु समेत उपस्थित रहने सिद्धार्थ युवा क्लबका अध्यक्ष बसन्त रानाले बताएका छन्।

क्वोइ च्हों देवी रनिङ शिल्ड फुटवलमा पाँच खेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

मिलन युवा क्लबको आयोजनामा लमजुङको गिलुङमा जारी क्वोइ च्हों देवी रनिङ शिल्ड फुटवल प्रतियोगितामा सोमवार पाँच खेल सम्पन्न भएका छन् ।

गिलुङको चिसापानीस्थित बुद्धोदय उच्च मावि को खेल मैदानमा सञ्चालित प्रतियोगितामा प्रथम चरणबाट सोमवार पाँच टिम प्रि-क्वार्टरफाइनलमा प्रवेश गरे । सोमवारको पहिलो खेलमा मितेरी युथ क्लब, घाम्राङले सेभेन स्टार युथ क्लब, नाल्मालाई शुन्यको विरुद्ध एक गोलले पाछा लगाएको छ । त्यस्तै, लमजुङके चेतनीशल युथ क्लब, मांपङ र लौवारी रातो, गिलुङडीघ भएको दोश्रो खेलमा दुईका विरुद्ध चार गोल गर्दै लौवारी रातो विजयी भएको ।

तेश्रो खेलमा कास्कीको मिजुरेडाँडा स्थित सिर्जनशिल युथ क्लब, नागीधारलाई टाइब्रेकरमा ५-४ ले हराउँदै लमजुङको मनकामना युथ क्लब, कमेरे प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेको छ । निर्धारित समयमा दुवै टिमको २-२ गोल भएपछि थप गरिएको समयमा कुनै गोल नहुंदा खेल टाइब्रेकरमा पुगेको थियो । सोमवार नै शिमुवा एफ.सी 'ए', लेखगाव र पूर्णागिरी माई समाज, भोजेबीच सम्पन्न प्रतियोगितामा ३-१ गोलले शिमुवा एफ सी विजयी भएको छ। पाँचौं खेलमा जुटपोखरी युथ क्लब अण्डर सिक्सटिन, पसगाउँले भगवती युथ क्लब, टक्सार, लमजुङलाई ३-२ गोल अन्तरले हराएको छ।

सोमवारको पाँच खेलमा क्रमशः सेभेन स्टार युथ क्लबका आशिष गुरुङ, लौवारी रातोका आकाश गुरुङ, सिर्जनशिल युथ क्लब, नागीधारका लाल गुरुङ, शिशुवा एफसी ए का मिलन गुरुङ, अण्डर सिक्सटिन जुटपोखरी युथ क्लबका छोके गुरुङ 'म्यान-अफ-दी म्याच' घोषित भए ।

प्रथम चरणकी अन्तिम खेल मंगलवार आयोजक मिलन युवा क्लब सैती र क्रियटिभ युथ क्लब 'ए', डडुबाबीच हुने बताइएको छ । मंगलवार आयोजक राती र सूर्योदय निमार्विबीच पहिलो प्रि-क्वार्टरफाइनल खेल हुने आयोजक क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । दोश्रो प्रि-क्वार्टरफाइनल खेल अण्डर सिक्सटिन गिलुङ र मितेरी युथ क्लब, घाम्राङबीच हुने छ । प्रतियोगितामा लमजुङ र कास्कीका २२ टिमको सहभागिता रहेको छ । क्वले गिलुङको चिसापानीमास्थित बुद्धोदय उच्च मावि को ५१ औं वार्षिकोत्सवका अवसरमा प्रतियोगिताको आयोजना गर्दै आएको हो । पुरुष फुटवलतर्फ प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमले क्रमशः नगद २० हजार र ३० हजार रुपैयांसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला फुटवल प्रतियोगितातर्फ प्रथम हुने टिमलाई नगद १५ हजार रुपैयां र द्वितीय हुने टिमलाई नगद ७ हजार रुपैयांसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए ।

फुटवल खेलको उपाधिस्वरुप ग्याँस प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ माघ ।

गृहिणीहरुलाई ग्यांसको अभाव भईरहेको बेला खेलकुद लगयत आँतरिक क्रियाकलापमा प्रतियोगिका विजेतालाई ग्यांस सिलिन्डरनै पुरस्कार दिइएको छ। लायन्स क्लब अफ पोखरा चौतारीद्वारा आयोजित पारिवारिक मिलन समारोह एवम् खेलकुद कार्यक्रममा विजेता हुनेलाई संस्थाले गृहलक्ष्मीको सिलेन्डरनै पुरस्कार प्रदान गरेको हो । पारिवारिक जमगट क्लबले जोडी तेस्रो भएका मिल्सिनाको जोडी तेस्रो भएका थिए । त्यसैगरी सान्त्वनामा क्रशोक श्रेष्ठ, रामचन्द अधिकारी र सागर ऐर रहेका थिए ।

त्यसैगरी घैटो फुटाउनेतर्फ हरिहर सापकोटा प्रथम भए भने बालबालिका तर्फ सापकोटाकी छोरी आर्जु सापकोटा नै प्रथम हुन सफल भए । त्यसै गरी बच्चाहरुको म्यूजिक चियरमा सिंसा खड्का, सिर्जा पौडेल र श्वयम पौडेल क्रमश प्रथम, द्वितीय र तृतीय भए । त्यसै गरी महिलाहरु तर्फ मिलन बेस्थाल, बस्याल । ग्यांस पुरस्कार पाए पछि सहभागीहरुले ग्यांस सिलिन्डरलाई माला लगाई मनोरञ्जन गरेका थिए । त्यसैगरी दोश्रो हुनेमा गोविन्द ढकालका जोडी रहेको थियो भने भिमसेन तिमिल्सिना र बन्दना तिमिल्सिनाको जोडी तेस्रो भएका थिए । त्यसैगरी सान्त्वनामा क्रशोक श्रेष्ठ, रामचन्द अधिकारी र सागर ऐर रहेका थिए ।

त्यसैगरी घैटो फुटाउनेतर्फ हरिहर सापकोटा प्रथम भए भने बालबालिका तर्फ सापकोटाकी छोरी आर्जु सापकोटा नै प्रथम हुन सफल भए । त्यसै गरी बच्चाहरुको म्यूजिक चियरमा सिंसा खड्का, सिर्जा पौडेल र श्वयम पौडेल क्रमश प्रथम, द्वितीय र तृतीय भए । त्यसै गरी महिलाहरु तर्फ मिलन बेस्थाल, दुर्गा कुमारी पौडेल र कृष्ण कुमारी के.सी. क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

त्यसै गरी हाली सम्पन्न मिस पोखरामा सेकेण्ड रनरअप बन्न सफल लोचन बस्थाललाई क्लबले बधाई एवम् सम्मान गरेको थियो ।

विजयीहरुलाई लायन्स क्लब डिष्ट्रिक्ट गभर्नर धुव थापा, मिलन थापा, क्लबका अध्यक्ष विमल बस्थाल र जोन चियर फ्रंशन कृष्ण बहादुर अधिकारी डिष्ट्रिक एडभाइजर राम बस्थाल, पि.आ.ओ. मोहनबाबु खड्का, कार्यक्रम संयोजक तेजबहादुर भट्टराई, भिमसेन तिमिल्सिना, पुरुषोत्तम परालुली, हरिहर सापकोटा, पूर्व अध्यक्ष सजीव कोइराला, अर्जुन बन्जारा लगायतले बालेका थिए ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिलेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५४, फ्याक्स : ५३२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिलेढुंगा, पोखरा